याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

फोन नं.: ०२४-४१००४८ (अध्यक्ष),
०२४-४१००४९

मेदिबुङ, थर्पु,पाँचथर
१ नं. प्रदेश, नेपाल

याङवरक गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय थर्पु, पाँचथर १ नं. प्रदेश, नेपाल २०७३

प.सं.:०७५-०७६
च.नं: १६४४

मिति: २०७६-०२-३०

विषय :- सूचना टाँस गरि जानकारी गराईदिनु हुन ।

श्री जिल्ला प्रशासन कार्यालय
पाँचथर फिदिम।
श्री जिल्ला समन्वय समितिको कार्यालय
पाँचथर फिदिम।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
पाँचथर फिदिम।

उपर्युक्त सम्बन्धमा यस गाउँपालिका याङवरक-४ थर्पू वजारमा सिसि क्यामरा जडान गर्ने सम्बन्धिको सिलबन्दी दरभाउपत्रको सूचना यसै पत्रसाथ संलग्न छ ।उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि सोको जानकारी पठाई सिनु हुन समेत अनरोध छ ।

२।३०

............................
प्रविनहाङ योङहाङ
प्रमुख प्रशासकीय अधिकृत

प्रविनहाङ योङहाङ
प्रमुख प्रशासकीय अधिकृत

याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

फोन नं.: ०२४-४१००४८ (अध्यक्ष),
०२४-४१००४९

मेदिबुङ, थर्पु,पाँचथर
१ नं. प्रदेश, नेपाल

प.सं.:०७५-०७६
च.नं: १६४३

मिति: २०७६-०२-३०

विषय :- सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावना आह्वानको सुचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७६-०२-३०

यस याङवरक गाउँपालिका थर्पू वजारमा सिसि क्यामरा खरीद गरी जडान गर्नु पर्ने भएकोले ईच्छुक आधिकारीक सप्लायर्स वा कम्पनी,फर्मवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावना-पत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

१. सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावना-पत्र खरिद गर्न गत आ.व. मा नविकरण सहितको इजाजत पत्र, कर चुक्ता प्रमाणपत्र, आयकर तथा मू.अ.करमा दर्ता भएको प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न राखी निवेदन दिई नियमानुसार लाग्ने दस्तुर रु. १०००।- (एक हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी बुझाई यस कार्यालयवाट खरिद गर्न सकिनेछ ।
२. यो सूचना ब्लास्ट टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समयभित्र प्राविधिक तथा आर्थिक प्रस्तावना फाराम खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सो को भालिपल्ट हुनेछ ।
३. सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्दा दरभाउपत्रदाताको ग्राह्यता सम्वन्धि आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
४. सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावना फाराम राखिएको खाम बाहिर "कार्यालयको नाम र सिसि क्यामरा जडान " भन्ने शब्द लेखि सिलवन्दी गरिएको हुनुपर्नेछ ।
५. यसरी दर्ता हुन आएका सिलबन्दी प्रस्तावना-पत्र १६ औं दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी प्रस्तावना-पत्र दाताहरुको रोहवरमा खोलिनेछ । सिलवन्दी प्रस्तावनापत्र दाताहरु अनुपस्थित रहेमा पनि खोल्न बाधा पर्ने छैन ।
६. सिलबन्दी दरभाउपत्र पेश गर्नेले धरौटी रकम वापत यस कार्यालयको नाममा सिभिल बैंक शाखा कार्यालय थर्पू स्थित धरौटी खाता नं.०६२१०१८४८९९०४७ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।
७. सिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत सिलबन्दी दरभाउपत्रदाताले खरिद सम्झौता गर्दा कबोल गरेको अङ्को ५% ले हुने धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेका कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गरी सिलबन्दी दराभाउपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र सम्झौताको लागि यस कार्यालयमा उपस्थित हुतुपर्नेछ ।
८. सिलबन्दी दरभाउपत्रमा उल्लेखित परिमाणको सिसि क्यामरा जडान गर्ने प्रयोजनार्थ: याङवरक गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय, मेदिबुङ, थर्पु, पाँचथरको गोदाम सम्म ढुवानी गर्नुपर्नेछ र जडान गरिनु पर्नेछ ।
९. कबोल रकम सिलबन्दी दरभाउपत्रमा उल्लेख गर्दा तोकिए बमोजिम उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
१०. कुनै शर्त राखी पेश गरिएको सिलबन्दी दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
११. सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।
१२. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली (संशोधन सहित), २०६४ बमोजिम हुनेछ ।
१३. यस सम्वन्धमा थप कुरा बुझ्नु परेमा फोन नं. ०२४-४१००४९ , ९८४९८९५२१८ मा सम्पर्क राख्न सक्नु हुनेछ ।
१४. खरिद गरिने सिसिक्यामरा उपकरणको प्राविधिक स्पेशिफिकेशन सम्बन्धी विवरण विड डकुमेन्टमा संलग्न राखिनेछ ।

फोन नं.०२४-४१००४८ (अध्यक्ष), ०२४-४१००४९
email : yangwarakruralmun@gmail.com

फोन नं.: ०२४-४१००४८ (अध्यक्ष), ०२४-४१००४९

# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मेदिबुङ, थर्पु,पाँचथर
१ नं. प्रदेश, नेपाल

१५. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

आपूर्ति तथा जडान गर्नुपर्ने सामान :

| ठे.नं. | कामको विवरण | मू.अ.कर र ढुवानी-जडान समेत. रकम रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| YRM/ISPS/SQ/G/05-2075/076 | सिसि क्यामरा जडान। | ९,४६,३४२।- | २५,०००/- | |

प्रविनहाङ योङहाङ
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.०२४-४१००४८ (अध्यक्ष), ०२४-४१००४९
email : yangwarakruralmun@gmail.com